यस गौरवमय गाउँ सभाका सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्षज्यू,
कार्यपालिकाका सदस्यज्यूहरू,
गाउँसभाका आदरणीय सदस्यज्यूहरू,
बिभिन्न राजनीतिक दलबाट पाल्नुभएका प्रमुख एवं प्रतिनिधिज्यूहरु
प्रमुख प्रशासकीय अधिकृत एवं कर्मचारी मित्रहरू,
विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्रधानाध्यापकहरु एवं शिक्षक मित्रहरु
विभिन्न क्षेत्र/संघ-संस्थामा आवद्ध हुनुभएका बुद्दीजिवीहरु
सम्पूर्ण सञ्चारकर्मी मित्रहरू,
सुरक्षा निकायका कर्मचारीहरु
तथा गोलन्जोर गाउँपालिकाका आदरणीय आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू ।

आज यस गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उभिँदा मन अत्यन्त भावुक बनेको छ । जिम्मेवारीको अनुभूति छ, जनताको विश्वासप्रतिको सम्मान छ, विगत पाँच वर्षको यात्राको समीक्षा छ र भविष्यप्रतिको गहिरो आशा पनि छ । तर यी सबै भावनाभन्दा माथि आज मनमा एउटा गम्भीर प्रश्न पनि उठिरहेको छ कि हामीले प्राप्त गरेको लोकतन्त्र, अधिकार र स्थानीय स्वशासनको यो सुन्दर व्यवस्थाको मूल्य आखिर कति ठूलो थियो ?

यस प्रश्नको उत्तर खोज्दा इतिहासका ती रक्तरञ्जित पानाहरू आँखा अगाडि आउँछन्, जहाँ हजारौं नेपालीहरूले आफ्नो जीवन उत्सर्ग गरेका थिए । त्यसैले सर्वप्रथम नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र, लोकतन्त्र, समावेशिता, सामाजिक न्याय, समानता र नागरिक अधिकारका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै जनआन्दोलन, लोकतान्त्रिक आन्दोलन, सशस्त्र जनआन्दोलन लगायत हालै सम्पन्न जेन्जी आन्दोलन लगायत नागरिक अधिकारका विविध आन्दोलनहरूमा योगदान दिनुहुने सम्पूर्ण अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

सभाध्यक्षज्यू,

शहीदहरू केवल इतिहासका पात्र होइनन्, उनीहरू राष्ट्रका अपूरणीय सपना हुन् । उनीहरूका अधुरा आकांक्षाहरूको जगमा नै आजको लोकतान्त्रिक नेपाल उभिएको छ । आज विशेष रूपमा म गोलन्जोर गाउँपालिका वडा नं. १, च्याकुटारबेंसीका शाहसी युवा शहीद योगेन्द्रकुमार न्यौपानेप्रति श्रद्धापूर्वक नमन गर्न चाहन्छु । उहाँले जेन्जी आन्दोलनका क्रममा दिएको बलिदान केवल एउटा परिवारको पीडा मात्र होइन, त्यो सम्पूर्ण गोलन्जोरको पीडा हो, सम्पूर्ण सिन्धुलीको पीडा हो र सम्पूर्ण राष्ट्रको पीडा हो ।साथै प्राकृतिक विपद्, महामारी, दुर्घटना तथा विभिन्न कारणले जीवन गुमाउनु भएका सम्पूर्ण नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु ।

सभाध्यक्षज्यू,

पाँच वर्षअघि जब हामी जनताको घरदैलोमा पुगेका थियौं, त्यतिबेला गोलन्जोरका नागरिकहरूले हामीलाई मतका साथै एउटा सपना सुम्पनुभएको थियो । त्यो सपना थियो - विकसित गोलन्जोर, समृद्ध गोलन्जोर, अवसरयुक्त गोलन्जोर निर्माण गर्ने सपना।

हामीले त्यही सपनालाई बोकेर यात्रा सुरु गरेका थियौं। यात्रा सजिलो थिएन। भौगोलिक कठिनाइहरू थिए, सीमित स्रोतहरू थिए, अनेकन चुनौतीहरू थिए, आर्थिक मन्दी थियो, प्राकृतिक विपद्का जोखिम थिए र जनअपेक्षाहरू विशाल थिए। तर यी सबै चुनौतीहरूका बीच पनि हामीले विकासको यात्रालाई कहिल्यै रोक्न दिएनौं।

हामीले सधैं सम्झियौं कि स्थानीय सरकार केवल पालिका भवनभित्र होइन, जनताको विश्वासभित्र बस्छ। त्यसैले हामीले योजना बनाउँदा पनि जनतालाई केन्द्रमा राख्यौं, बजेट विनियोजन गर्दा पनि जनताको आवश्यकता हेर्यौं र विकासको लक्ष्य निर्धारण गर्दा पनि जनताको जीवनस्तर सुधारलाई पहिलो प्राथमिकतामा राख्यौं।

आज यो मञ्चबाट बोलिरहँदा मलाई गाउँका ती आमाहरू सम्झना आइरहेका छन्, जसले वर्षौंसम्म पानीको भारी बोकेर उकालो ओरालो गर्नुपरेको थियो। ती किसानहरू सम्झना आइरहेका छन्, जसले पसिना बगाएर उत्पादन त गरे तर उचित मूल्य नपाएर चिन्तित हुनुपरेको थियो। ती विद्यार्थीहरू सम्झना आइरहेका छन्, जसले कठिन बाटो हिँडेर विद्यालय पुग्नुपरेको थियो। ती बिरामीहरू सम्झना आइरहेका छन्, जसले सामान्य उपचारका लागि घण्टौं यात्रा गर्नुपरेको थियो।

हाम्रो बजेटको केन्द्रमा यिनै नागरिकहरू छन्। हाम्रो विकासको उद्देश्य यिनै नागरिकहरूको जीवनमा सहजता ल्याउनु हो। हाम्रो राजनीति, हाम्रो योजना र हाम्रो सम्पूर्ण प्रयासको सार पनि यही हो।

सभाध्यक्षज्यू,

समय साँच्चै नदीजस्तै बग्दो रहेछ। पाँच वर्षअघि सुरु भएको यात्राको अन्तिम बजेट प्रस्तुत गर्ने अवसर आज प्राप्त भएको छ। यस अवधिमा हामीले धेरै कुरा सिक्यौं, धेरै अनुभव सङ्कलन गर्‍यौं, धेरै सफलता प्राप्त गर्‍यौं र केही कमजोरीहरूबाट पाठ पनि सिक्यौं।

कहिलेकाहीँ हामीले प्रशंसा पायौं, कहिलेकाहीँ आलोचना पनि व्यहोर्‍यौं। तर आलोचनालाई पनि सुधारको अवसरका रूपमा ग्रहण गर्दै जनताको हितलाई केन्द्रमा राखेर अगाडि बढ्ने प्रयास गरिरह्यौं।

हामीले कहिल्यै पदलाई विशेषाधिकारको रूपमा लिएनौं। हामीले पदलाई जिम्मेवारीको रूपमा लियौं। सधैं सम्झियौं कि कुर्सी अस्थायी हुन्छ, तर जनताको विश्वास स्थायी हुन्छ। पद परिवर्तन हुन सक्छ, तर विकासप्रतिको दायित्व कहिल्यै समाप्त हुँदैन।

त्यसैले आज यस गाउँपालिकाको दोश्रो कार्यकालको अन्तिम बजेट प्रस्तुत गर्दै गर्दा हामी कुनै उपलब्धिको घमण्ड गर्न यहाँ उभिएका छैनौं । हामी जनताको सामु इमानदार रुपमा जवाफदेहिता प्रस्तुत गर्न उभिएका छौं । हामी गोलन्जोरको समृद्धिको यात्रालाई अझ बलियो आधार दिन उभिएका छौं।

आज प्रस्तुत हुने बजेटले विगतका उपलब्धिहरूलाई संस्थागत गर्ने, अधुरा योजनाहरूलाई पूर्णता दिने, उत्पादन र रोजगारीलाई प्रोत्साहन गर्ने, सामाजिक न्यायलाई थप सुदृढ गर्ने तथा समृद्ध गोलन्जोर निर्माणको आधारशिला अझ मजबुत बनाउने उद्देश्य लिएको छ।

नेपालको संविधानले प्रदान गरेको संवैधानिक अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन, २०७८, र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लाई आत्मसाथ गर्दै यस पालिकाको आन्तरिक राजस्व परिचालन क्षमता र नीतिगत व्यवस्थाहरूलाई मध्यनजर गरी यस गरिमामय गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरव लागेको छ।

जनताको सबैभन्दा नजिकको (घर-आँगनको) सरकार भएको हैसियतले जनअपेक्षा अनुसार कार्य गर्न हामी पूर्ण प्रतिबद्ध छौं। गाउँपालिकाको बृहत्तर हित, विकास र समृद्धिको यात्रामा निरन्तर सहयोग पुर्‍याउनुहुने सम्पूर्ण गोलन्जोरवासी आम नागरिक, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, सहयोगी संघ-संस्था तथा शुभचिन्तकहरूमा म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

यो बजेट गोलन्जोर गाउँपालिकाको वास्तविक आवश्यकता, निर्वाचनका समयमा गरिएका प्रतिबद्धताहरू, कार्यपालिका तथा गाउँसभाका सदस्यज्यूहरूको सुझाव, विषयगत समिति, निजी क्षेत्र, राजनीतिक दल तथा बौद्धिक व्यक्तित्वहरूबाट प्राप्त रचनात्मक सुझाव र पृष्ठपोषणका आधारमा तयार गरिएको छ। हाम्रो कार्यकालको यो अन्तिम बजेटले विगतका अनुभवहरूलाई समेट्दै गोलन्जोरको दिगो विकास र समृद्धिको यात्रामा एउटा ऐतिहासिक कोशेढुङ्गा सावित हुने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

"पछिल्लो समयमा भएका विभिन्न राजनीतिक घटनाक्रम, विश्वव्यापी तथा स्थानीय रूपमा विकसित परिस्थिति र यसबाट सिर्जित चर्को मूल्यवृद्धि (महँगी) का कारण देशको समग्र राजस्व संकलनमा ह्रास आएको छ, जसको प्रत्यक्ष असर संघ र प्रदेशबाट प्राप्त हुने अनुदानमा सिमित रहेको छ। यसका साथै, हाम्रो आफ्नै आन्तरिक स्रोतको रूपमा रहेको नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन हुन नसक्दा चालू आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनमा केही प्राविधिक समस्या र चुनौतीहरू सामना गर्नु परेको यथार्थ वास्तविकता हामीमाझ छर्लङ्गै छ।

सीमित स्रोत-साधन र नागरिकका असीमित आकांक्षा एवं परिदृश्यात्मक आवश्यकताहरूबीच सन्तुलन कायम गर्दै स्रोतको न्यायोचित वितरण गर्नु आफैंमा चुनौतीपूर्ण कार्य हो। यद्यपि, आम नागरिकका चाहना र सरोकारवालाहरूको अमूल्य सुझाव र पृष्ठपोषणलाई केन्द्रमा राखी उपलब्ध स्रोतको वितरणलाई बढीभन्दा बढी सन्तुलित, न्यायपूर्ण र उत्पादनमुखी बनाउने इमानदार प्रयास गरेको छु।

**सभाध्यक्ष महोदय,**

अब म यस आर्थिक वर्ष २०८२।०८३ को वित्तिय गतिविधिहरुको वारेमा संक्षिप्त जानकारी गराउदछु ।

**चालु आ.व. २०८२/०८३ को समीक्षाः-**

- यस चालु आर्थिक वर्षको लागि विनियोजन भएको कुल रकम रु  ६२ करोड ५१ लाख २ हजार ३१० रहेको छ ।
- जसमध्ये कुल रकमको रु ३८ करोड १९ लाख ४ हजार ३०३ रुपैयाँ र पैसा ६२ खर्च रहेको छ ।
- औषत खर्च ६१.०९ प्रतिशत रहेको छ ।जसमा चालु खर्च ७३.४८ प्रतिशत रहेको छ भने पुँजीगत खर्च तर्फ ३०.१७ प्रतिशत रहेको छ ।
- आन्तरिक राजश्व परिचालन तर्फ चालु आर्थिक वर्षका लागि रु ५ करोड ६८लाख २२ हजार ६ सय पचास प्रक्षेपण गरिएकोमा असार ९ गते सम्म रु १ करोड ३ लाख ९० हजार ७५६ पैसा ९१ प्राप्त भएको छ ।यो कुल प्रक्षेपित आम्दानीको १८.२८ प्रतिशत हो ।

**आ.व. २०८२/०८३ मा भएका प्रमुख उपलब्धिहरुः-**

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न सूचना प्रविधि (ICT) ल्याब स्थापना गरी विपन्न तथा जेहेन्दार विद्यार्थीहरूलाई स्थानीय सरकारको छात्रवृत्ति उपलब्ध गराइएको छ।
- गाउँपालिकास्तरीय आधारभुत अस्पतालबाट चौबीसै घण्टा आकस्मिक तथा प्रसूति सेवा सुनिश्चित गरिएको छ भने ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरूलाई वडा स्थित स्वास्थ्य संस्थाबाट नै दक्ष चिकित्सक मार्फत स्वास्थ्य परीक्षण तथा निःशुल्क औषधि वितरण" कार्यक्रम समेत सञ्चालन गरिएको छ ।
- किसानहरूको आयआर्जन बढाउन गोलन्जोर गाउँपालिकाले अनुदानमा आधुनिक कृषि औजार, उन्नत बीउबिजन प्रभावकारी रूपमा वितरण गरिरहेको छ। यी प्रयासहरूले गर्दा पालिका बिस्तारै खाद्यान्न तथा दुग्ध उत्पादनमा आत्मनिर्भरतातर्फ उन्मुख भइरहेको छ।

- यसका साथै, गोलन्जोरको मुख्य पहिचानको रूपमा रहेको जुनार खेतीको व्यावसायिक विकासका लागि पालिकाले विशेष पहल थालेको छ। जुनारलाई किराबाट जोगाउन र उत्पादनको गुणस्तर सुधार्न 'प्रोटिन बेट' खरिद गरी किसानहरूलाई वितरण गरिएको छ। जुनारको देश-विदेशमा प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिकाको तिनकन्यामा 'जुनार मेला' समेत सफलतापूर्वक सम्पन्न भएको छ।
- कृषि तथा पशुपन्छी सेवा केन्द्रबाट प्रयोगशाला माटो परिक्षण, गोबर परिक्षण तथा बिरुवा उत्पादन तथा विक्रि वितरण गरिएको छ ।
- गाउँपालिकाभित्रका मुख्य सडकहरूमध्ये सबै वडा कार्यालयहरूलाई बाह्रै महिना चल्ने बाटो (All-weather road) सञ्जालसँग जोडिएको छ र थप स्तरोन्नती कार्यसमेत गरने कार्य भइरहेको छ ।
- नागरिकको स्वास्थ्यलाई ध्यानमा राखी रानीखोला, ग्वालटार, जुकेपानी लगायतको क्षेत्रमा **खानेपानी** आयोजनाहरू सम्पन्न गरी थप घरधुरीमा 'एक घर, एक धारा' मार्फत स्वच्छ र सुरक्षित पिउने पानीको व्यवस्था मिलाइएको छ।
- रोजगार सेवा केन्द्र रउद्यम विकास शाखा तथा विभिन्न संघ संस्था तथा उद्योग वाणिज्य कार्यालय सामाजिक विकास मन्त्रालयको समन्वयमा रोजगार तथा स्वरोजगारमुलक कार्यक्रमहरु सम्पन्न भएको छ।
- स्थानीय सरकारको सेवालाई पारदर्शी बनाउन र नागरिकलाई सेवा प्रवाहमा सहजता ल्याउन सबै वडामा सार्वजनिक सुनुवाइ गरिएको छ भने गाउँपालिकाको कार्यसञ्चालनलाई व्यवस्थित गर्न यस वर्ष थप ४ वटा स्थानीय ऐन, नियम र कार्यविधिहरू तर्जुमा गरी ४ कानूनहरु संशोधन गरिएको छ।

**<u>आ.व. २०८२/०८३ मा आइपरेका चुनौतीहरुः-</u>**

- अन्तर्राष्ट्रिय आपूर्ति शृङ्खलामा आएको अवरोधले इन्धन, फलाम र सिमेन्टको लागत अत्यधिक मुल्य बढ्दा आयोजनाहरू गतिलिन सकेका छैनन् ।
- कठिन भूबनोट र कमजोर सडक सञ्जालका कारण दुर्गम क्षेत्रमा निर्माण सामग्री र उपकरण समयमै पुऱ्याउन कठीन रहेको छ।
- देशभित्र युवा पुस्ता तीव्र रूपमा बाहिरिँदा विकास निर्माणका लागि आवश्यक अदक्ष र दक्ष श्रमिकको अभाव हुदै गएको छ।
- आन्तरिक निर्वाचनका कारण आचारसंहिता लाग्ने हुँदा ठेक्का प्रक्रिया र निर्णयहरु ढिलो हुन गएको छ।
- न्यून कबोल (लो बिडिङ) गर्ने ठेकेदारको ढिलासुस्ती, रकमान्तरको झन्झटिलो प्रक्रिया र तीन तहका सरकारबीच समन्वय नहुँदा असारमा मात्र खर्च गर्ने प्रवृत्ति कायमै छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेटको उद्देश्य र प्राथमिकतालाई संक्षिप्त रुपमा राख्ने अनुमती चाहन्छु ।

✓ <u>बजेटका मुख्य उद्देश्यहरु</u>

- **दिगो, उत्थानशील र गुणस्तरीय पूर्वाधार निर्माणः** गाउँपालिकाको भौतिक पूर्वाधार विकासलाई योजनाबद्ध, दिगो, जलवायु परिवर्तन अनुकुल (उत्थानशील) र नागरिकका लागि बढी उपयोगी बनाउने।
- **आर्थिक-सामाजिक रूपान्तरण र जीविकोपार्जनमा सुधारः** लक्षित वर्ग र क्षेत्रको समावेशी आर्थिक तथा सामाजिक विकास गर्दै आम नागरिकको दैनिक जीवनयापनलाई सहज, सुरक्षित र समृद्ध बनाउने।
- **अर्थतन्त्रको पुनरुत्थान र गतिशीलताः** स्थानीय साधन र स्रोतको अधिकतम परिचालन गरी सुस्ताएको स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने तथा स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने।
- **वित्तीय आत्मनिर्भरता र दिगो स्रोत व्यवस्थापनः** आन्तरिक राजस्वका नयाँ र सम्भाव्य क्षेत्रहरू पहिचान गरी करको दायरा बढाउने र गाउँपालिकाको दिगो आर्थिक स्रोतको विकास गर्दै वित्तीय आत्मनिर्भरतातर्फ अग्रसर हुने।
- **आधारभूत तथा अत्यावश्यक सेवाको सुनिश्चितताः** शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइ जस्ता नागरिकका आधारभूत एवं अत्यावश्यक सेवाहरूमा सबैको न्यायोचित पहुँच र गुणस्तरियता सुनिश्चित गर्ने।
- **प्रविधिमैत्री सेवा प्रवाह र डिजिटल सुशासनः** सरकारी सेवा प्रवाहलाई प्रविधिमैत्री (डिजिटलाइज्ड), पारदर्शी, उत्तरदायी र जनमैत्री बनाई गाउँपालिकामा सदाचार र सुशासन प्रवर्द्धन गर्ने।
- **कृषि तथा पशुपालनको व्यवसायीकरण र बजारीकरणः** गाउँपालिकाका अधिकांश नागरिकको मुख्य पेसाको रूपमा रहेको परम्परागत कृषि तथा पशुपन्छी व्यवसायलाई आधुनिक प्रविधि, यान्त्रिकीकरण र बजारीकरणमार्फत व्यवसायीकरण एवं मूल्य शृङ्खलामा आबद्ध गर्ने।

✓ <u>बजेटका उद्देश्यहरु हासिल गर्न निर्धारण गरिएका प्राथमिकताहरु</u>

- **सडक सञ्जालको स्तरोन्नति र बाह्रै महिना यातायातको सुनिश्चितताः** गाउँपालिकाका विभिन्न वडा तथा ग्रामीण बस्तीहरूबाट गाउँपालिकाको केन्द्र (ग्वालटार) जोड्ने मुख्य सडकहरू, बिपी राजमार्ग जोड्ने लिंक रोडहरू तथा रणनीतिक सडकहरूको स्तरोन्नति, नाला व्यवस्थापन र

कतिपय खण्डमा कालोपत्रे/ग्राभेल गरी बाह्रै महिना सुरक्षित र सहज यातायात सेवा सुनिश्चित गरिनेछ।

- **कृषि तथा पशुपालनको आधुनिकीकरण र 'जुनार' क्षेत्रको प्रवर्द्धनः** गोलन्जोरको मुख्य पहिचान र गोजी आम्दानीको स्रोतका रूपमा रहेको जुनार, अमिलो जातका फलफूल तथा अन्य तरकारी खेती र पशुपालनलाई आधुनिक प्रविधि, उन्नत बीउबिजन, अनुदान र पकेट क्षेत्र विकासमार्फत व्यवसायीकरण गरिनेछ। उत्पादित वस्तुको भण्डारणका लागि चिस्यान केन्द्र निर्माण तथा सञ्चालन र बजारीकरणलाई प्राथमिकता दिइनेछ।
- **उद्यमशीलता, नवप्रवर्तन र स्थानीय स्वरोजगार सिर्जनाः** स्थानीय युवा तथा वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई लक्षित गरी कृषिजन्य उद्योग, घरेलु तथा साना उद्योग, र सीपमूलक व्यवसायका नयाँ क्षेत्रहरू पहिचान गरिनेछ। सहुलियतपूर्ण कर्जा र प्रविधि सहयोगमार्फत गाउँपालिकाभित्रै स्वरोजगारीका अवसरहरू सिर्जना गरिनेछ।
- **ऐतिहासिक, धार्मिक तथा पर्या-पर्यटनको विकासः** गोलन्जोर क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्त्वका स्थलहरूको पहिचान, संरक्षण र संवर्द्धन गरिनेछ। सुनकोशी नदी तटीय क्षेत्र र महाभारत शृङ्खला आसपासका सम्भाव्य स्थानहरूमा पर्या-पर्यटन पूर्वाधार निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ।
- **प्रविधिमैत्री प्रशासनिक सुशासन र कर्मचारी क्षमता विकासः** गाउँपालिका तथा वडा कार्यालयहरूबाट प्रवाह हुने सेवालाई सरल, छरितो, झन्झटरहित र नागरिकमैत्री बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ। सेवा प्रवाहलाई थप जिम्मेवार र गुणस्तरीय बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरूको कार्यक्षमता विकासका लागि आवश्यकतामा आधारित पुनर्ताजगी तालिमहरूको आयोजना गरिनेछ।
- **साझेदारी, समन्वय र स्रोत परिचालनः** गाउँपालिकाको एकल बजेटले मात्र दिगो विकास सम्भव नहुने हुँदा सङ्घीय सरकार, प्रदेश सरकार, दातृ निकाय, गैरसरकारी संस्था र निजी क्षेत्रसँग निरन्तर समन्वय, सहकार्य र साझेदारी गरी सामाजिक-आर्थिक विकासका ठूला तथा बहुवर्षीय आयोजनाहरूमा संयुक्त लगानी परिचालन गरिनेछ।
- **गुणस्तरीय र प्रविधिमैत्री सामुदायिक शिक्षामा जोडः** गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार सुधार, डिजिटल सिकाइ सामग्री (ICT) को प्रयोग र तहगत दरबन्दी मिलानलाई प्राथमिकता दिइनेछ। प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्दै शिक्षण सिकाइ क्रियाकलापलाई गुणस्तरीय, जीवनोपयोगी र नतिजामुखी बनाउन शिक्षकहरूको क्षमता विकास र नियमित अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।

- **एकीकृत स्वास्थ्य पहुँच र गुणस्तर अभिवृद्धिः** गोलन्जोर आधारभूत अस्पतालको अगुवाइमा गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रहरूलाई सुदृढ गर्दै "एकीकृत स्वास्थ्य पहुँच कार्यक्रम" लाई निरन्तरता दिइनेछ। दुर्गम बस्तीका नागरिकका लागि पायक पर्ने स्थानमै गुणस्तरीय प्राथमिक तथा विशेषज्ञ स्वास्थ्य सेवा, आवश्यक औषधि, दक्ष स्वास्थ्यकर्मी, सुरक्षित मातृत्व र भरपर्दो आकस्मिक प्रेषण प्रणालीको सुनिश्चितता गरिनेछ।
- **आन्तरिक राजस्व परिचालन र वित्तीय आत्मनिर्भरताः** गाउँपालिकाको स्थायी आयस्रोत वृद्धि गर्न बिपी राजमार्ग, मध्य पहाडी राजमार्ग र सुनकोशी करिडोर आसपासका व्यावसायिक गतिविधि, ढुङ्गा-गिट्टी-बालुवा जस्ता प्राकृतिक स्रोतको दिगो उपयोग र करको दायरा विस्तारलाई प्राथमिकता दिइनेछ। कर प्रणालीलाई डिजिटल र प्रविधिमैत्री बनाउँदै राजस्व चुहावट नियन्त्रण गरिनेछ र गाउँपालिकाको वित्तीय आत्मनिर्भरता बढाउन आन्तरिक स्रोत परिचालनलाई सुदृढ गरिनेछ।
- **युवा स्वरोजगार, खेलकुद पूर्वाधार र प्रतिभा प्रवर्द्धनः** स्थानीय युवाहरूलाई उद्यमशीलता र उत्पादनशील क्षेत्रमा आकर्षित गरी वैदेशिक रोजगारीको निर्भरता कम गर्न युवा लक्षित सीपमूलक तालिम सञ्चालन गरिनेछ। युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि गाउँपालिका भित्र खेलकुद पूर्वाधार को निर्माण तथा स्तरोन्नति गर्दै स्थानीय स्तरका खेलकुद प्रतियोगिताहरूका माध्यमबाट खेलाडीहरूको प्रतिभा पहिचान र प्रवर्द्धन गरिनेछ।
- **वातावरण संरक्षण, विपद् व्यवस्थापन र हरित गोलन्जोर अभियानः** महाभारत शृङ्खला र गाउँपालिकाका भिरालो भूभागमा हुने भू-क्षय एवं पहिरो नियन्त्रणका लागि वृक्षारोपण र बायो-इन्जिनियरिङ प्रविधिलाई जोड दिइनेछ। सुनकोशी नदी तटीय क्षेत्रको पर्यावरणीय सन्तुलन कायम राख्दै विपद्को पूर्वतयारी, खोज, उद्धार र राहत वितरण प्रणालीलाई संस्थागत गरिनेछ। गोलन्जोरलाई स्वच्छ र सुन्दर राख्न फोहोरमैलाको उचित व्यवस्थापन गर्दै 'हरित र उत्थानशील गाउँपालिका' निर्माणको नीति लिइनेछ।

**सभाध्यक्ष महोदय,**

अब म आ.व. २०८३/०८४ बजेट तर्जुमाका क्रममा देखिएका मुख्य चुनौतिलाइ यो सभा समक्ष पेश गर्न चाहन्छु ।

- **आर्थिक संकुचन र संकुचित बजेट आकारः** मुलुकमा विद्यमान आर्थिक संकुचनका कारण विगतका वर्षहरूको तुलनामा आगामी आर्थिक वर्षको बजेटको आकारमा केही कटौती गर्नुपर्ने बाध्यता रहेको छ।

- **चालू खर्चको वृद्धि र पूँजीगत स्रोत व्यवस्थापनमा चापः** चालू प्रकृतिका खर्चहरूमा भइरहेको वृद्धिका कारण पूँजीगत खर्च न्यून भई विकास निर्माणका गतिविधिहरू सुस्त हुन सक्ने जोखिम छ। यस परिप्रेक्ष्यमा पूँजीगत स्रोत व्यवस्थापनमा चाप परेको छ भने पूँजीगत खर्च बढाउन नवीनतम प्राथमिकता, दीर्घकालीन प्रकृतिका आयोजनाहरूको प्राथमिकीकरण र सोही अनुरूप आयोजना छनोट गर्नुपर्ने चुनौती छ।
- **आन्तरिक आयको न्यून हिस्सा र करको दायरा विस्तारः** कुल बजेटमा आन्तरिक आयको हिस्सा कम भएकाले आम्दानी र खर्चबीच सन्तुलन कायम गर्न कठिन भएको छ। आन्तरिक आय वृद्धि गर्न राजस्वका नयाँ क्षेत्रहरू पहिचान गर्नुका साथै करको दायरा फराकिलो बनाउनु चुनौतीपूर्ण रहेको छ।
- **अधुरा योजनाहरूको दायित्व र बजेटमा दबाबः** चालू आर्थिक वर्षका योजनाहरू, विशेष गरी संघ र प्रदेशबाट प्राप्त समपूरक अनुदानका आयोजनाहरू चालू वर्षभित्रै सम्पन्न हुन नसक्दा बाँकी कामको दायित्व आगामी आर्थिक वर्षमा सार्नुपर्ने अवस्था छ। यसले गर्दा आगामी वर्षको बजेटमा थप चाप पर्न गएको छ।

**सभाध्यक्ष महोदय,**

अब म नेपालको संविधानको धारा २२८ को उपधारा (२) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम यस पालिकाको क्षेत्रभित्र आर्थिक वर्ष २०८३/०८४ का लागि कर, गैर-कर, शुल्क तथा दस्तुर लगाउने र उठाउने व्यवस्था गर्न तयार पारिएको **'आर्थिक विधेयक, २०८३'** यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्दछु।

साथै, सभाध्यक्ष महोदयको अनुमतिले यो **'आर्थिक विधेयक, २०८३' माथि** विचार गरियोस् भनी संक्षेपमा सभामा निर्णायार्थ प्रस्तुत गर्दछु।"

**सभाध्यक्ष महोदय,**

अब म नेपालको संविधानको धारा २२९ र धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम यस स्थानीय तहको सञ्चित कोषबाट आगामी आर्थिक वर्ष २०८३/०८४ का सेवा र कार्यहरूका लागि रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार प्रदान गर्न तयार पारिएको **'विनियोजन विधेयक, २०८३'** यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्दछु।

# गोलन्जोर गाउँपालिकाको विनियोजन विधेयक २०८३

गाउँसभाबाट स्वीकृत मिति २०८३/०३/१०

गोलन्जोर गाउँपालिकाको आर्थिक बर्ष २०८३/२०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

**प्रस्तावना:** गोलन्जोर गाउँपालिकाको आर्थिक बर्ष २०८३/२०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गोलन्जोर गाउँपालिकाको गाउँसभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम " गोलन्जोर गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८३/२०८४ को **निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०८२।०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी (नेपाल सरकार, बागमती प्रदेश, आन्तरिक आय र गत आ व को वचत गरी) जम्मा रकम रु २६२१०४११० ।- (अक्षेरुपी छव्वीस करोड एक्काईस लाख चार हजार एक सय दश मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/२०८३ को निमित्त गोलन्जोर गाउँ गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सकिनेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी र कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ रकमान्तर गर्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतमा नबढ्ने गरी र कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

अनुसुचि १
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

गोलन्जोर गाउँपालिकावाट खर्च हुने वजेट रु.

| सि. नं. | विवरण | रकम रु.हजारमा | खर्च प्रतिशत (%) |
|---|---|---|---|
| १. | गाउँपालिका तर्फ चा.लु खर्च | १०१९०००००.०० | ३८.८७ |
| २. | गाउँपालिका तर्फ विषयगत शाखा कार्यक्रम | ६८७०४११०.०० | २६.२१ |
| ३. | समपुरक गाउँपालिका तर्फ | १२५०००००.०० | ४.७६ |
| ४. | वडा कार्यालय तर्फ(पुँजिगत) | २८००००००.०० | १०.६८ |
| ५. | क्रमागत योजनाहरु (गत आ.व.को भुक्तानी) | ३००००००००.०० | ११.४४ |
| ६. | अध्यक्ष विशेष कार्यक्रम | १००००००००.०० | ३.८१ |
| ७. | उपाध्यक्ष विशेष कार्यक्रम | ७५०००००.०० | २.८६ |
| ८. | साझेदारी कोष तर्फ | ३५०००००.०० | १.३३ |
| | **जम्मा** | २६२१०४११०.०० | |

अनुसुचि २
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषमा आम्दानीका श्रोत

आम्दानीको श्रोतहरु रु.

| सि. नं. | अनुदान | कुल बजेट | कुल बजेट (अक्षरमा) |
|---|---|---|---|
| नेपाल सरकारबाट प्राप्त अनुदानः | | | |
| १ | वित्तीय समानीकरण अनुदान | ८७२०००००.०० | आठ करोड बहत्तर लाख मात्र |
| २ | समपूरक अनुदान | २००००००.०० | वीस लाख मात्र |

| | | | |
|---|---|---|---|
| ३ | विशेष अनुदान | ७१०००००.०० | एकहत्तर लाख मात्र |
| ४ | सशर्त अनुदान (चा.लु/पुँजिगत) | २५०२०००००.०० | पच्चिस करोड दुई लाख मात्र |
| | **जम्मा** | **३४६५०००००.००** | **चौतिस करोड पैसठ्ठी लाख मात्र ।** |
| बागमति प्रदेश सरकारबाट प्राप्त अनुदानः | | | |
| १ | वित्तीय समानीकरण अनुदान | ७४१४०००.०० | चौहत्तर लाख चौध हजार मात्र |
| २ | समपूरक अनुदान | २१३०००००.०० | दुई करोड तेह्र लाख मात्र |
| ३ | विशेष अनुदान | ४००००००.०० | चालिस लाख मात्र |
| ४ | सशर्त अनुदान (चा.लु/पुँजिगत) | १६६७९०००.०० | एक करोड छैसठ्ठी लाख उन्नअसि हजार |
| | **जम्मा** | **४९३९३०००.००** | **चार करोड तिरानब्वे लाख त्रिनब्वे हजार मात्र ।** |
| राजस्व बाँडफाँड तर्फ | | | |
| १ | राजस्व बाँडफाँड प्राप्ति /नेपाल सरकार | ९२६४१०००.०० | नौ करोड छब्विस लाख एक चालिस हजार मात्र |
| २ | राजस्व बाँडफाँड प्राप्ति /प्रदेश सरकारबाट | ३९५२९०५०.०० | तिन करोड पञ्चानब्वे लाख उन्नतिस हजार पचास मात्र |
| | **जम्मा** | **१३२१७००५०.००** | **तेह्र करोड एक्काईस लाख सत्तरी हजार पचास मात्र ।** |
| गाउँपालिका तर्फ | | | |
| १ | आन्तरिक श्रोत (बैङ्क मौज्दात बाँकी समेत) अनुमानित आय | **३५३२००६०.००** | **तिन करोड त्रिपन्न लाख वीस हजार साठी मात्र** |
| | **कुल बजेट** | **५६३३८३११०** | **छपन्न करोड तेत्तिस लाख तिरासी हजार एक सय दश मात्र** |

साथै, सभाध्यक्ष महोदयको अनुमतिले यो **'विनियोजन विधेयक, २०८३** माथि विचार गरियोस् भनी यसको विस्तृत प्रति सभाको कार्यसूची बमोजिम निर्णायर्थ प्रस्तुत गर्दछु।"

**सभाध्यक्ष महोदय**

अब म आ.व .२०८३/०८४ को अनुमानित आय र खर्च शिर्षकहरु र विषयगत समितिबाट आएका सिफारिस बमोजिम विनियोजित वजेट तथा कार्यक्रमको विवरण यस सभा समक्ष पेश गर्ने अनुमती माग्दछु ।

## संघीय सरकार, प्रदेश सरकार अनुदान र आन्तरिक श्रोत गाउँपालिका

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| | **संघीय सरकार** | |
| १ | समानिकरण अनुदान | ८७,२००,००० |

| | | |
|---|---|---|
| २ | राजस्व बाँडफाँड अनुदान | ९२,६४१,००० |
| | जम्मा | १७९,८४१,००० |
| | **प्रदेश सरकार** | |
| ३ | समानीकरण अनुदान | ७४१४००० |
| ४ | राजस्व बाँडफाँड अनुदान | ३९५२९०५० |
| | जम्मा | ४६९४३०५० |
| | **गाउँपालिका तर्फ** | |
| ५ | गाउँपालिका आन्तरिक श्रोत (बैंक मौज्दात बाँकी समेत) अनुमानित आय | ३५,३२०,०६० |
| | जम्मा | ३५,३२०,०६० |
| ६ | **जम्मा (१+२+३+४+५)** | २६२,१०४,११० |
| ७ | प्रदेश सर्शत अनुदान | १६,६७९,००० |
| ८ | प्रदेश विषेश अनुदान | ४,०००,००० |
| ९ | प्रदेश सम्पुरक अनुदान | २१,३००,००० |
| १० | संघीय सर्शत अनुदान (चालु) | २५०,२००,००० |
| ११ | सघीय सम्पुरक अनुदान | २,०००,००० |
| १२ | संघीय विशेष अनुदान (पुँजीगत) | ७,१००,००० |
| १३ | **जम्मा (७+८+९+१०+११+१२)** | ३०१,२७९,००० |
| | **कुल जम्मा (६+१३)** | ५६३,३८३,११० |

## गोलन्जोर गाउँपालिका, ग्वाल्टार, सिन्धुली

### कार्यक्रम बजेट बाँडफाँड

| क्र.सं. | शाखागत | रकम | प्रतिशत (%) |
|---|---|---|---|
| १ | वडा कार्यालयहरु सबै | २८,०००,००० | १०.६८ |
| २ | अध्यक्ष विशेष कार्यक्रम | १०,०००,००० | ३.८२ |
| ३ | उपाध्यक्ष विशेष कार्यक्रम | ७,५००,००० | २.८६ |
| ४ | समपुरक कोष | १२,५००,००० | ४.७७ |
| ५ | साझेदारी कोष | ३,५००,००० | १.३४ |

| | | | |
|---|---|---|---|
| ६ | क्रमागत योजना भक्तानी(गत आ.व.) | ३०,०००,००० | ११.४५ |
| ७ | कार्यालय सञ्चालन चालु खर्च | १०१,९००,००० | ३८.८८ |
| ८ | कृषि तथा पशुपंक्षी शाखा | ५,०००,००० | १.९१ |
| ९ | शिक्षा शाखा | ३२,८३४,११० | १२.५३ |
| १० | स्वास्थ्य शाखा | ८,१७०,००० | ३.१२ |
| ११ | महिला, बाल-बालिका तथा जेष्ठ नागरिक शाखा | १,५५०,००० | ०.५९ |
| १२ | न्यायिक समिति | १,०००,००० | ०.३८ |
| १३ | सामी परियोजना | ८००,००० | ०.३१ |
| १४ | रोजगार साझेदारी कार्यक्रम | २,५००,००० | ०.९५ |
| १५ | उद्यम विकास साझेदारी कार्यक्रम | १,०००,००० | ०.३८ |
| १६ | आरोग्य सेवा केन्द्र | ५००,००० | ०.१९ |
| १७ | विपद व्यवस्थापन | ४,५००,००० | १.७२ |
| १८ | सूचना प्रविधि शाखा | १,५००,००० | ०.५७ |
| १९ | प्रशासन तथा सुशासन शाखा | १,७५०,००० | ०.६७ |
| २० | सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | ९००,००० | ०.३४ |
| २१ | खेलकुद विकास शाखा | ३,०००,००० | १.१४ |
| २२ | पोषण शाखा | १,०००,००० | ०.३८ |
| २३ | पूर्वाधार शाखा | २,७००,००० | १.०३ |
| | **जम्मा** | २६२,१०४,११० | १००.०० |
| २५ | प्रदेश सर्शत अनुदान | १६,६७९,००० | |
| २६ | प्रदेश विषेश अनुदान | ४,०००,००० | |
| २७ | प्रदेश सम्पुरक अनुदान | २१,३००,००० | |
| २८ | संघीय सर्शत अनुदान (चालु) | २५०,२००,००० | |
| २९ | सघीय सम्पुरक अनुदान | २,०००,००० | |
| ३० | संघीय विशेष अनुदान (पुँजीगत) | ७,१००,००० | |
| | **जम्मा** | ३०१,२७९,००० | |
| | **कुल जम्मा** | ५६३,३८३,११० | |

सभाध्यक्ष महोदय,

अब म विनियोजीत बजेटको कार्यक्रमको शाखागत वृस्तीत विवरण यस सभा समक्ष पेश गर्न अनुमति माग्दछु ।

## कार्यालय सञ्चालन चालु खर्च

| क.सं. | कार्यालय सञ्चालन खर्च | रकम | क.सं. | कार्यालय सञ्चालन खर्च | रकम |
|---|---|---|---|---|---|
| १ | स्थायी कर्मचारी तलब | २३,०००,००० | २१ | बोलपत्र मूल्याङ्कन खर्च | ५००,००० |
| २ | अस्थायी/करार कर्मचारी तलब | ३७,५००,००० | २२ | अनुगमन मूल्याङ्कन | ४००,००० |
| ३ | पदाधिकारी सुविधा | ७,०००,००० | २३ | सभा संचालन खर्च | २००,००० |
| ४ | विविध खर्च | १,०००,००० | २४ | LGPAS/बजेट प्रविष्टि | २००,००० |
| ५ | विविध खर्च वडा | २,३००,००० | २५ | मेशिनरी औजार खरिद | १,२००,००० |
| ६ | सवारी मर्मत | २,५००,००० | २६ | सार्वजनिक सुनुवाई | ५००,००० |
| ७ | कार्यालय सञ्चालन खर्च मसलन्द | २,०००,००० | २७ | सवारी साधन नविकरण | ७००,००० |
| ८ | कर्मचारी/पदाधिकारी बैठक भत्ता | ८००,००० | २८ | सेवा परामर्श (DPR/IEE) | १,२००,००० |
| ९ | गाडी भाडा | ५००,००० | २९ | पत्रपत्रिका/छपाई | ६००,००० |
| १० | कर्मचारी कल्याण कोष | ३,०००,००० | ३० | आदिबासी जनजाति/दलित लक्षिक कार्यक्रमहरु | ४००,००० |
| ११ | भैपरी आउने चालु | ५००,००० | ३१ | इन्धन (कार्यालय + पदाधिकारी+ अन्य) | ४,५००,००० |
| १२ | फर्निचर फिक्चर खरिद | ५००,००० | ३२ | फर्निचर फिक्चर मर्मत तथा व्यवस्थापन | ५००,००० |
| १३ | पूर्वाधार शाखा मेशिन औजार | ६००,००० | ३३ | वडा स्वास्थ्य चौकी फर्निचर व्यवस्थापन | १,०००,००० |
| १४ | MTEF (मध्यकालिन) | ५००,००० | ३४ | अन्य संघ संस्था सहायता | ७००,००० |
| १५ | दै.भ्र.भ. कर्मचारी पदाधिकारी | २,०००,००० | ३५ | विज्ञान प्रयोगात्मक कक्षा नवप्रवर्द्धन कार्यक्रम | ५००,००० |
| १६ | घुम्ती शिविर/समिक्षा कार्यक्रम | ४००,००० | ३६ | खुर्कोट जग्गा एकिकरण घर टहरा क्षेतीपूर्ति | ७८३,५०० |
| १७ | प्रशासकीय भवन व्यवस्थापन | ६००,००० | ३७ | भैपरी आउने अस्पताल व्यवस्थापन | ५००,००० |
| १८ | पानी बिजुली | १,०००,००० | ३८ | गाउँपालिकाको लोगो सहितको टिसर्ट छपाई | ५००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | घर भाडा | ५००,००० | ३९ | सरकारी/सार्वजनिक जग्गाको नकसांक्न/डिजिटाइजेसन /अतिक्रमण नियन्त्रण/संरक्षण/अभिलेखिकरण कार्यक्रम | ५००,००० |
| २० | मेशनरी औजार मर्मत | ५१६,५०० | | **जम्मा** | १०१,९००,००० |

## शाखागत बजेट

| क्र.सं. | कार्यालय सञ्चालन खर्च | रकम | प्रतिशत |
|---|---|---|---|
| | **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा** | | |
| १ | सबै वडा र विद्यालयहरुमा बाल क्लब/सञ्जाल गठन, पुनर्गठन तथा नेतृत्व विकास तालिम | १००,००० | |
| २ | बाल पोक्षण भत्ताको उपयोग सम्बन्धमा अभिमुखिहरण कार्यक्रम | १५०,००० | |
| ३ | लैङ्गिक हिंसा विरुद्धको 16 दिन अभियान कार्यक्रम | ५०,००० | |
| ४ | समुदाय सँग बालबालिकामा हुने हिंसा विरुद्धको सचेतनामुक कार्यक्रम | २००,००० | |
| ५ | 60 वर्ष पुगेका विदुर(एकल पुरुष)हरुको लागि सामाजिक सुरक्षा कार्यक्रम | ६५०,००० | |
| ६ | अपाङ्गता भएका व्यक्ति तथा सरोकार व्यक्ति सँग छलफल तथा अन्तरक्रिया कार्यक्रम | ५०,००० | |
| ७ | संस्कार सहितको शिक्षा, तनाब व्यवस्थापन तथा सकारात्मक सोच सम्बन्धी कार्यक्रम | १००,००० | |
| ८ | विभिन्न दिवसहरु | २००,००० | |
| ९ | अपाङ्गता परिचय पत्र वितरण तथा विविध | ५०,००० | |
| | **जम्मा** | १,५५०,००० | २.२६ |
| | **उद्यम विकास शाखा** | | |
| १ | समुदाय स्तरमा सामाजिक परिचालन | ५०,००० | |
| २ | उद्यमशिलता(किशोर किशोरी समेत) तालिम | २००,००० | |
| ३ | सीपमूलक तालिम किशोर किशोरी लक्षित कार्यक्रम समेत | ५००,००० | |
| ४ | प्रविधि हस्तान्तरण | १५०,००० | |
| ५ | वितिय पहुँच | ५०,००० | |
| ६ | बजारीकरण | ५०,००० | |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | १,०००,००० | १.४६ |
| | **विपद व्यवस्थापन शाखा** | | |
| १ | खोज उद्धार र राहत (विपद् कोष) | ३,०००,००० | |
| २ | भू-उपयोग तथा जग्गा प्लटिङ सम्बन्धी निर्माण अभिमूखिकरण कार्यक्रम | १००,००० | |
| ३ | पालिकाका विभिन्न वडा तथा गाउँपालिकाका भवन आसपास क्षेत्रमा वृक्षारोपण कार्यक्रम | २५०,००० | |
| ४ | ढुङ्गा, गिट्टी, बालुवा तथा खानी उत्खननको अनुगमन तथा अभिमूखिकरण कार्यक्रम | १००,००० | |
| ५ | फोहोरमैला व्यवस्थापन, बन डढेलो सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २००,००० | |
| ६ | वैकल्पिक ऊर्जा उपयोग प्रोत्साहान कार्यक्रम | १००,००० | |
| ७ | स्थानीय विपद् व्यवस्थापन (वडा + सामुदायिक स्तर) समिति गठन, पुनर्गठन तथा अभिमूखिकरण | १००,००० | |
| ८ | विपद् स्वयंसेवकलाई विपद् पूर्वतयारी खोज उद्धार सम्बन्धी तालिम | २५०,००० | |
| ९ | आपतकालीन सञ्चालन केन्द्र व्यवस्थापन तथा स्थानीय संघ संस्था सँग साझेदार कार्यक्रम | ५०,००० | |
| १० | वेवारिसे लास तथा विभिन्न प्रकृतिको लास व्यवस्थापन | १५०,००० | |
| ११ | फोहोरमैला व्यवस्थापन सामान तथा डस्बिन खरिद तथा वितरण (वातावरण दिवस कार्यक्रम) | २००,००० | |
| | **जम्मा** | ४,५००,००० | ६.५५ |
| | **खेलकुद शाखा** | | |
| १ | खेलकुद सामाग्री खरिद | ४००,००० | |
| २ | अध्यक्ष कप फुटबल | ४००,००० | |
| ३ | उपाध्यक्ष कप भलिबल | ३००,००० | |
| ४ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | ४००,००० | |
| ५ | अन्तरपालिका स्तरीय खेलकुद व्यवस्थापन | १५०,००० | |
| ६ | पदाधिकारी सेवा सुविधा तथा खेल व्यवस्थापन | ९००,००० | |
| ७ | कलोज क्याम्प | १००,००० | |
| ८ | ब्याडमिन्टन खेलकुद प्रतियोगिता | २००,००० | |
| ९ | कृकेट प्रतियोगिता | १००,००० | |

| | | | |
|---|---|---|---|
| १० | विविध | ५०,००० | |
| | **जम्मा** | ३,०००,००० | ४.३७ |
| | **शिक्षा शाखा** | | |
| १ | शिक्षक कर्मचारी व्यवस्थापन अनुदान(गत आ.व. को भुक्तानी बाँकी समेत) | १८,६०९,११० | |
| २ | बालविकास शिक्षकका विद्यालय कर्मचारी तथा सासिके परिचालन थप पारिश्रमिक (गत आ.व. को भुक्तानी बाँकी समेत) | ११,३७५,००० | |
| ३ | कक्षा ४ र ५ को पोर्टफोलियोमा हाम्रो गोलन्जोर समावेस गरी तयारी तथा छपाई | २००,००० | |
| ४ | प्रधानाध्यापक बैठक र समिक्षा | १५०,००० | |
| ५ | शैक्षिक क्यालेन्डर निर्माण | १००,००० | |
| ६ | विद्यालय स्तरीय परिक्षा तथा शिक्षक छनौट परिक्षा व्यवस्थापन | ९००,००० | |
| ७ | शिक्षक कर्मचारी वि व्य स पदाधिकारी सहायक लेखापाल बालविकास शिक्षकहरुलाई क्षमता विकास तालिम | ३००,००० | |
| ८ | नमुना कक्षा तथा MGML व्यवस्थापन तथा विस्तार | ३००,००० | |
| ९ | SEE उत्कृष्ट उत्तिर्ण विद्यार्थी तथा विद्यालय सम्मान कार्यक्रम | १५०,००० | |
| १० | गुणस्तरको आधारमा विद्यालयको स्तरीकरण कार्यविधि निर्माण तथा विद्यालय स्तरीकरण गरी सार्वजनिक गर्ने | २५०,००० | |
| ११ | आधारभूत तथा मा.वि. स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | ३००,००० | |
| १२ | स्थानीय पाठयसामाग्री छपाई | २००,००० | |
| | **जम्मा** | ३२,८३४,११० | ४७.७९ |
| | **स्वास्थ्य शाखा** | | |
| १ | अस्पताल र स्वास्थ्य संस्थाहरुको लागि निःशुल्क वितरण औषधी तथा औषधिजन्य सामग्रीहरु खरिद | ३,५००,००० | |
| २ | स्वास्थ्य कार्यक्रमहरुको नियमित मासिक समिक्षा | ३१२,००० | |
| ३ | मासिक गाउँघर क्लिनिक/खोप क्लिनिक सञ्चालन यातायात तथा अनुगमन खर्च | १५२,००० | |
| ४ | बर्थिङ्ग सेन्टरमा कार्यरत नर्सिङ्ग कर्मचारीहरुको लागि रात्रीकालिन खाजा खर्च | ३६५,००० | |
| ५ | स्वास्थ्य संस्थाहरु सञ्चालन तथा प्रशासनिक व्यवस्थापन अनुदान | ७००,००० | |

| | | | |
|---|---|---|---|
| ६ | औषधी तथा औषधीजन्य सामाग्री ढुवानी तथा रिप्याकिङ्ग तथा रेकर्डिङ्ग रिपोर्टिङ्ग टुल्स छपाई, अन्य विविध व्यवस्थापन खर्च | २००,००० | |
| ७ | म.सा.स्वा.स्व.से. उत्प्रेरणा/प्रोत्साहान तथा दिवश सञ्चालन, वार्षिक अधवार्षिक समिक्षा गोष्ठी | २,०००,००० | |
| ८ | स्वास्थ्य आमा समूह बैठकमा खाजा खाना खर्च | ४४१,००० | |
| १० | अस्पताल सञ्चालन तथा विविध व्यवस्थापन खर्च | ५००,००० | |
| | **जम्मा** | ८,१७०,००० | ११.८९ |
| | **पोषण शाखा** | | |
| १ | कुपोषित गर्भवती आमा तथा बच्चालाई पोषण प्याकेज वितरण लगायत विविध कार्यक्रम | ५००,००० | |
| २ | पालिका तथा स्वास्थ्य संस्थाहरुमा स्तनपान तथा पोषण कक्ष स्थापना तथा सञ्चालन | ५००,००० | |
| | **जम्मा** | १,०००,००० | १.४६ |
| | **सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा** | | |
| १ | सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र नविकरण तथा रुजु सिविर | ५००,००० | |
| २ | मसलन्द सामान खरिद तथा मर्मत | २५०,००० | |
| ३ | विविध खर्च | १५०,००० | |
| | **जम्मा** | ९००,००० | १.३१ |
| | **कृषि तथा पशुपंक्षी शाखा** | | |
| १ | रैथानीबाली प्रवर्द्धन कार्यक्रम | ४००,००० | |
| २ | जुनार/ सुन्तलामा लाग्ने फल कुहाउने औसा किरा (Bactrocera minax) रोकथाम तथा नियन्त्रणको लागि प्रोटिन बेट खरिद तथा वितरण कार्यक्रम | १,०००,००० | |
| ३ | कृषि प्रयोगशाला सञ्चालन व्यवस्थापन तथा तरकारी बेर्ना उत्पादन | ५००,००० | |
| ४ | जुनार बगैचाको म्यापिङ्ग तथा जुनार उत्पादनको ट्रेसेबिलिट सुनिश्चित कार्यक्रम | ३००,००० | |
| ५ | कृषक क्षमता अभिवृद्धि कार्यक्रम | १००,००० | |
| ६ | आकस्मिक बाली संरक्षण सहयोग कार्यक्रम | १००,००० | |
| ७ | आईपिएम कृषक पाठशाला सञ्चालन | १००,००० | |
| ८ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | १००००० | |

| | | | |
|---|---|---|---|
| ९ | पशु औषधि खरिद | ८००००० | |
| १० | दुत्र उत्पादनमा आधारित प्रोत्साहान रकम | ८००००० | |
| ११ | उन्नत जातको घाँस खरिद तथा वितरण | १००००० | |
| १२ | पशुपन्छी भ्याक्सिन खरिद | २००००० | |
| १३ | पशुपन्छी प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन | १००००० | |
| १४ | पशु स्वास्थ्य तथा उपचार प्रविधि उपकरण खरिद (cow लिफ्टर र cow Metal डिटेक्६र लगायत अन्य उपकरण) | २००००० | |
| १५ | प्राविधिक को लागि कृत्रिम गर्भधान तालिम | १००,००० | |
| १६ | पशुपंक्षीमा महामारी/ आक्समिक रोग नियन्त्रण तथा उपचार | १००००० | |
| | **जम्मा** | ५,०००,००० | ७.२८ |
| | **न्यायिक समिति** | | |
| १ | मेलमिलापकर्तालाई अभिमूखिकरण कार्यक्रम/तलिम | ४००००० | |
| २ | इजलास खर्च | ३००००० | |
| ३ | न्यायिक समितिको फिल्ड तथा अनुगमन खर्च | २००००० | |
| ४ | अथिति सत्कार | १००००० | |
| | **जम्मा** | १०००००० | १.४६ |
| | **आरोग्य सेवा केन्द्र** | | |
| १ | योग ध्यान कार्यक्रम | ४०००० | |
| ३ | आयुर्वेदिक आहार विहार | ३०००० | |
| ४ | नसर्ने रोगहरुको रोकथाम सम्बन्धी जनचेतनामूलक कार्यक्रम/ स्वास्थ्य जिवन शैली | ८०००० | |
| ५ | आयुर्वेदि औषधी खरिद | ३५०००० | |
| | **जम्मा** | ५००००० | ०.७३ |
| | **सुरक्षित आप्रवासन (सामी)** | | |
| १ | वैदेशिक रोजगरीबाट फर्किएकाहरुको लागि पुन एकिकरण कार्यक्रम साझेदारी | ३६०००० | |
| २ | विद्यालयमा मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन खर्च | १००००० | |
| ३ | महिला स्वस्थ्य स्वयंसेविकाहरुसँग मनोसामाजिक परामर्श र मानसिक स्वस्थ्य सम्बन्धि अन्तरक्रियात्मक कार्यक्रम | १००००० | |

| | | | |
|---|---|---|---|
| ४ | समुदायमा स्तरमा आत्माहात्या रोकथाम सम्बन्धि सचेतना कार्यक्रम | ५०००० | |
| ५ | कडा मानसिक स्वास्थ्य समस्या भएका मनोपरामर्शका सेवाग्राहिलाई मनोपरामर्शकर्ताको सिफारिसमा थप उपचारकालागी अस्पताल लैजाने प्रयोजनका निम्ती यातायात सम्बन्धी खर्च | ९०००० | |
| ६ | मानसिक स्वास्थ्य र वैदेशिक रोजगार सम्बन्धि सुचनामुलक होर्डिङ बोर्ड तथा सूचना खर्च | ५०००० | |
| ७ | गठित आप्रवासि सञ्चालन व्यवस्थापनको लागि क्षमता विकास कार्यक्रम खर्च | ५०००० | |
| | **जम्मा** | ८००००० | १.१६ |
| | **प्रशासन तथा सुशासन शाखा** | | |
| १ | सुशासन तथा संस्थागत क्षमता विकास भ्रमण कार्यक्रम (कर्मचारी) | ७५०००० | |
| २ | कर्मचारी क्षमता विकास तालिम/कार्यक्रम | १०००००० | |
| | **जम्मा** | १७५०००० | २.५५ |
| | **सूचना प्रविधि शाखा** | | |
| १ | सूचना प्रविधि प्रणाली, सञ्चालन तथा सेवा महशुल खर्च | ३००००० | |
| २ | डिजिटल कनेक्टिभिटि नेटवर्क (इन्टरनेट/इन्ट्रानेट) तथा सञ्चार खर्च | १२००००० | |
| | **जम्मा** | १५००००० | २.१८ |
| | **पूर्वाधार शाखा** | | |
| १ | ४ नं वडा कार्यालय भवन निर्माण/जनज्योती मा.वि भवन मर्मत/भिमज्योती क्यामपस अनुदान (क्रमश १० लाख, १० लाख र ७ लाख) | २७००००० | ३.९३ |
| | **रोजगार शाखा** | | |
| १ | रोजगार साझेदारी कार्यक्रम | २५००००० | ३.६४ |
| | **कुल जम्मा** | ६८,७०४,११० | १०० |

साथै, सभाध्यक्ष महोदयको अनुमतिले यो "**आ.व. २०८३।०८४ को बजेट तथा कार्यक्रम**" माथी विचार गरियोस भनी यसको सभाको कार्यसूची बमोजिम निर्णायर्थ प्रस्तुत गर्दछु।"

**सभाध्यक्षज्यू,**

बजेट वक्तव्यको अन्तिम चरणमा आइपुग्दा मन फेरि एकपटक गोलन्जोरका सम्पूर्ण नागरिकहरूप्रति कृतज्ञताले भरिएको छ। आज यहाँ प्रस्तुत गरिएको बजेट हाम्रो सामूहिक सपना, साझा प्रतिबद्धता र समृद्ध गोलन्जोर निर्माणको अठोटको दस्तावेज हो।

विकास कहिल्यै कुनै एक व्यक्तिले निर्माण गर्ने विषय होइन। विकास त जनताको विश्वास, श्रम, सहभागिता र सामूहिक प्रयासको परिणाम हो। आज गोलन्जोरले हासिल गरेका उपलब्धिहरू कुनै एक जनप्रतिनिधि, कुनै एक कर्मचारी, कुनै एक राजनीतिक दल वा कुनै एक संस्थाको उपलब्धि होइनन्। यो सम्पूर्ण गोलन्जोरवासीको साझा सफलता हो।

कार्यकालको अन्तिम बजेट प्रस्तुत गर्दै गर्दा मनमा एउटा विशेष अनुभूति जागेको छ। हामीले सकेजति इमानदारीका साथ काम गर्ने प्रयास गऱ्यौं। सीमित स्रोतका बीच अधिकतम परिणाम दिन खोज्यौं। जनताको अपेक्षा पूरा गर्न निरन्तर प्रयत्न गऱ्यौं।

तर हामी पूर्ण छैनौं। हामीबाट पनि कमजोरी भएका हुन सक्छन्। सबैका सपना समेट्न सकेनौं होला, सबै अपेक्षा सम्बोधन गर्न सकेनौं होला। त्यसका लागि हामी आत्मसमीक्षा गर्न तयार छौं। तर एउटा कुरा दृढतापूर्वक भन्न सक्छौं कि हामीले गोलन्जोरको हितविपरीत कहिल्यै सोचेनौं, जनताको विश्वासमाथि कुठाराघात गर्ने काम कहिल्यै गरेनौं।

आज हामीले रोपेको विकासको बिरुवा अब जरा गाडेर हुर्किन थालेका छन्। कतै सडक बनेका छन्, कतै विद्यालयमा नयाँ सम्भावना जन्मिएका छन्, कतै किसानका खेतमा आशा पलाएका छन्, कतै स्वास्थ्य सेवाको पहुँच विस्तार भएको छ। यी सबै परिवर्तनहरू गोलन्जोरको उज्यालो भविष्यका संकेत हुन्।

पुस्ता फेरिनेछन्, नेतृत्व फेरिनेछ, समय फेरिनेछ तर गोलन्जोरप्रतिको हाम्रो माया, गोलन्जोरको समृद्धिप्रतिको हाम्रो सपना र विकासप्रतिको हाम्रो प्रतिबद्धता कहिल्यै समाप्त हुने छैन।

अन्त्यमा, यस कार्यकालभरि साथ, सहयोग, सुझाव, आलोचना र खबरदारीमार्फत हामीलाई सही मार्गमा हिंडाउन सहयोग गर्नुहुने सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरू, कर्मचारी साथीहरू, राजनीतिक दलहरू, सञ्चारकर्मीहरू, नागरिक समाज, शिक्षक, किसान, युवा, महिला, ज्येष्ठ नागरिक तथा सम्पूर्ण गोलन्जोरवासीप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद ।